# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, असोज १८ गते २०५० साल (संख्या २५

## भाग ३

श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको सूचना

#### विद्युत महसुल निर्धारण नियमावली, २०५०

विद्युत ऐन, २०४९ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "विद्युत महसुल निर्धारण नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले विद्युत ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले नियम ३ बमोजिम गठित विद्युत महसुल निर्धारण आयोग सम्झनु पर्छ ।

(ग) "महसुल" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको विद्युत सेवा उपभोग गर्ने ग्राहकबाट लिइने शुल्क सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

(घ) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको अध्यक्षलाई समेत जनाउँछ ।

(च) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

## परिच्छेद–२

## विद्युत महसुल निर्धारण आयोग सम्बन्धी व्यवस्था

३. विद्युत महसुल निर्धारण आयोगको गठनः (१) ऐनको दफा १७ को उपदफा १ को प्रयोजनको लागि श्री ५ को सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराउने विद्युत सेवा वापत त्यस्तो सेवा उपलब्ध गर्ने व्यक्तिसंग लिने विद्युत महसुल र अन्य दस्तूरहरू निर्धारण गर्न देहायका अध्यक्ष तथा सदस्यहरू रहने गरी एउटा विद्युत महसुल निर्धारण आयोग गठन गरिनेछः–

(क) श्री ५ को सरकारले तोकेको गैर सरकारी व्यक्ति — अध्यक्ष

(ख) जलश्रोत मन्त्रालयको प्रतिनिधि — सदस्य

(ग) श्री ५ को सरकारले तोकेको गैर सरकारी अर्थविज्ञ — सस्दय

(घ) विद्युतको उत्पादन, प्रशासरण वा वितरण गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिहरू मध्येबाट श्री ५ को सरकारले तोकेको अनुमतिपत्र प्राप्त व्यक्ति वा निजको प्रतिनिधि — सदस्य

(ङ) नेपाल उद्योग वाणिज्य महासङ्घको प्रतिनिधि — सदस्य

(च) ग्राहकहरू मध्येबाट श्री ५ को सरकारले तोकेको एक जना व्यक्ति — सदस्य

(२) विद्युत विकास केन्द्रको महानिर्देशक आयोगको सचिव हुनेछ र आयोगको सचिवालयको काम विद्युत विकास केन्द्रले गर्नेछ ।

(३) आयोगले सम्बन्धित विशेषज्ञहरूलाई आयोगको बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) अध्यक्ष तथा उपनियम (१) को खण्ड (ग), (घ) र (च) बमोजिमको सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएका अध्यक्ष तथा सदस्यहरूलाई पुनः अर्को एक अवधिको लागि पदावधि थप गर्न सकिनेछ ।

(५) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपनियम (१) बमोजिमका सदस्यहरूमा आवश्यकता अनुसार हेरफेर वा थप घट गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
266

४. आयोगको काम, कर्तव्य र अधिकारः (१) ऐनमा लेखिएदेखि बाहेक आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) ऐनको दफा १७ को उपदफा (१) बमोजिम विद्युत महसुल र अन्य दस्तूरहरू निर्धारण गर्ने,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत सेवा उपलब्ध गराए वापत ग्राहकहरूसंग लिने गरेको विद्युत महसुल तथा अन्य दस्तूरहरूमा पुनरावलोकन गर्ने,

(ग) आयोगले आफ्नो कार्य सम्पादनको लागि आवश्यकतानुसार आयोगको कुनै सदस्य, कर्मचारी वा विशेषज्ञलाई नेपाल अधिराज्यको कुनै पनि स्थानमा खटाउने ।

(२) आयोगले आफ्नो क्षेत्राधिकारसंग सम्बन्धित कुनै विषयमा अध्ययन प्रतिवेदन पेश गर्न आयोगकै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ । त्यस्तो समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

५. आयोगको बैठक सम्बन्धी कार्यविधिः (१) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा आयोगको बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले आयोगको बैठकको अध्यक्षता गर्नेछ ।

(३) आयोगको कुल सदस्य संख्या मध्ये तीन-चौथाई सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकमा उपस्थित सदस्यहरूको बहुमतको रायलाई आयोगको निर्णय मानिनेछ।

(५) आयोगको निर्णय सचिवले निर्णय पुस्तिकामा जनाइ बैठकमा उपस्थित सबै सदस्यहरूको सहीछाप गराउनु पर्नेछ ।

(६) आयोगको निर्णय सचिवले प्रमाणित गर्नेछ ।

(७) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
2060

## परिच्छेद–३
## विद्युत महसुल र अन्य दस्तूर निर्धारण सम्बन्धी कार्य विधि

६. विद्युत महसुल र अन्य दस्तूरहरूको निर्धारणः– (१) ऐनको दफा १७ को उपदफा (३) बमोजिम आयोगले विद्युत महसुल र अन्य दस्तूरहरू निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको संचालन तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन, रोयल्टी, विद्युत विकासको सम्बन्धमा श्री ५ को सरकारले अपनाएको नीति इत्यादिको आधारमा निर्धारण गर्नेछ । यसरी निर्धारण गर्दा आयोगले विद्युत उत्पादनको सीमान्त लागत (मार्जिनल कष्ट), परिवर्त्य विदेशी मुद्राको विनिमय दर तथा इन्धनको मूल्य समेतलाई आधार लिनेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले विद्युत महसुल र अन्य दस्तूरहरू निर्धारण गर्दा ग्राहकहरूको किसिम, सामाजिक दायित्व, अन्तर अनुदान (क्रस सवसिडिज) तथा विद्युत माग व्यवस्थापनको संभावना (पोटेन्सियल फर डिमाण्ड साईड म्यानेजमेण्ट) समेतलाई ध्यान दिई विद्युत महसुल तथा अन्य दस्तूर निर्धारण गर्न सक्नेछ ।

(३) आयोगले उपनियम (१) र (२) बमोजिम विद्युत महसुल र अन्य दस्तूरहरू निर्धारण वा पुनरावलोकन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिको संगठनात्मक कौशलता (अर्गनाइजेशनल इफिसियन्सी) लाई पनि ध्यान दिन सक्नेछ ।

७. विद्युत महसुल र अन्य दस्तूर निर्धारण गर्न दरखास्त दिनेः विद्युत वितरण गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकबाट लिइने विद्युत महसुल र अन्य दस्तूर निर्धारण गराउन देहायका विवरणहरू खुलाइ अनुसूची बमोजिमको ढाँचामा आयोग समक्ष दरखास्त दिनु पर्नेछः–

(क) प्रस्तावित विद्युत महसुल निर्धारण गर्नु पर्ने आधारहरू (ती आधारहरूको औचित्य पुष्टयाई हुने आर्थिक एवं प्राविधिक विश्लेषण सहितको प्रतिवेदन तथा अन्य सम्बन्धित कागजात),

(ख) विद्युत महसुल दरमा परिवर्तन गर्नु पर्ने भए त्यसको आधारहरू (ती आधारहरूको औचित्य पुष्टयाई हुने आर्थिक एवं प्राविधिक विश्लेषण सहितको प्रतिवेदन तथा अन्य सम्बन्धित कागजात),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८

## परिच्छेद – ४

## विविध

११. परामर्श लिनेः आयोगले ऐन तथा यस नियमावली बमोजिम विद्युत महसुल तथा अन्य दस्तूरहरू निर्धारण गर्दा उपयुक्त सम्झेको व्यक्तिहरूसंग सरसल्लाह गर्न सक्नेछ ।

१२. सहयोग गर्नु पर्नेः आयोगको कार्य सम्पादनको सम्बन्धमा सम्बन्धित सरकारी, गैर सरकारी निकाय तथा व्यक्तिले आवश्यक सहयोग गर्नु पर्नेछ ।

१३. आर्थिक व्यवस्थाः (१) आयोगको कामको लागि आवश्यक पर्ने रकम श्री ५ को सरकारले आयोगलाई उपलब्ध गराउने छ ।

(२) उपनियम (१) बमोजिम श्री ५ को सरकारबाट प्राप्त रकम आयोगले आफ्नो कामको लागि आवश्यकतानुसार खर्च गर्न सक्नेछ ।

१४. सुविधाः आयोगका सदस्यहरूको पारिश्रमिक तथा अन्य सुविधाहरू श्री ५ को सरकारले समय-समयमा तोके बमोजिम हुनेछ ।

१५. श्री ५ को सरकारसंग सम्पर्कः आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा श्री ५ को सरकारसंग सम्पर्क राख्दा जलस्रोत मन्त्रालयमार्फत राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०

अनुसूची

(नियम ७ संग सम्बन्धित)

महसुल र अन्य दस्तूर निर्धारणको लागि दरखास्त

श्रीमान् अध्यक्ष ज्यू,
विद्युत महसुल निर्धारण आयोग
...............................

महोदय,

विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम विद्युत वितरणको लागि अनुमतिपत्र प्राप्त गरी विद्युत सेवा संचालन गर्न लागेको । गरी रहेको हुँदा मेरो । हाम्रो प्रतिष्ठानले ग्राहकसंग लिनु पर्ने विद्युत महसुल र अन्य दस्तूर निर्धारण गर्न । पुनरावलोकन गर्न विद्युत महसुल निर्धारण नियमावली, २०५० बमोजिम देहायको विवरणहरू खुलाइ यो दरखास्त पेश गरेको छु । छौं ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः–
२. विद्युतको उत्पादनको किसिमः–
३. अनुमतिपत्रको संख्या तथा जारी गरिएको मितिः–
४. अनुमतिपत्र वहाल रहने मितिः–
५. विद्युत वितरण गर्ने वा गरी रहेको क्षेत्रः–
६. अन्य विवरण (विद्युत महसुल निर्धारण नियमावली, २०५० को नियम ७ बमोजिम):–

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप

दरखास्तवाला वा सम्बन्धित
संगठित संस्थाको तर्फबाट
दरखास्त दिने व्यक्तिको
नाम, थरः–
पदः–
दस्तखतः–
मितिः–

आज्ञाले,
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
259

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड ४३ संख्या ५ मिति २०५०।२।१४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित भरतपुर नगर विकास समितिको सदस्यमा देहायबमोजिमका सदस्यहरू थप गरेको छ ।

१. श्री जगन्नाथ पौडेल, चितवन -- सदस्य
२. प्रमुख, नेपाल दूर संचार संस्थान कार्यालय, चितवन -- सदस्य

आज्ञाले,
टेकनाथ भट्टराई
श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले पदयात्रा तथा जलयात्रा नियमावली, २०४१ को नियम ४ ले दिएको अधिकार प्रयोग गरी देहायको क्षेत्रको पदयात्रा अनुमती दस्तूर देहायबमोजिम तोकेको छ ।

१. हुम्ला जिल्लाको सिमिकोटदेखि यारी नाका भई तिव्वतको मानसरोवरतर्फ जाने र सोही नाका भई सिमिकोट आउने विदेशी पदयात्रीलाई पहिलो एक हप्ताको लागि प्रति व्यक्ति अमेरिकी डलर ९०. वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा र तत्पश्चात प्रत्येक दिनको प्रति व्यक्ति अमेरिकी डलर १५. वा सो बराबरको परिवर्त्य बिदेशी मुद्रा लाग्नेछ ।

२. उपर्युक्त पदयात्रा क्षेत्रको अनुमती दस्तूर भारतीय पदयात्रीबाट नेपाली मुद्रामा लिन सकिनेछ ।

आज्ञाले,
पुरूषोत्तम भट्टराई
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८२

# भाग ४

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५०।४।२८ को निर्णयानुसार नेपाल न्याय सेवा, राजपत्रांकित प्रथम श्रेणी (सह सचिवस्तर) का पुनरावेदन अदालत विराटनगरका रजिष्ट्रार श्री कृष्णराम श्रेष्ठलाई महान्यायाधिवक्ताको कार्यालयको समान श्रेणीको सरकारी अधिवक्ता पदमा सरुवा गरेको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०५०।४।१२ को निर्णयानुसार नेपाल न्याय सेवा, राजपत्रांकित द्वितीय श्रेणी (उप सचिवस्तर) का देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरिएको छ ।

| क्र. सं. | नाम र थर | साविकको पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री नन्दबहादुर सुवेदी | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | निजी सहायक, सर्वोच्च अदालत । |
| २. | श्री कुलरत्न भूर्तेल | उपसचिव " " | उपसचिव, जल तथा शक्ति आयोग । |
| ३. | श्री जयप्रकाश मान सिंह मास्के | " " | उपसचिव, न्याय परिषद् सचिवालय । |
| ४. | श्री सूर्यप्रसाद सुवेदी | कानून अधिकृत | इजलास सहायक, पुनरावेदन अदालत, जनकपुर । |
| ५. | श्री वीरसिंह महरा | " " | उप रजिष्ट्रार, सर्वोच्च अदालत । |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८३

| | | |
|---|---|---|
| ६. श्री नारायणप्रसाद दाहाल | उप-रजिष्ट्रार,सर्वोच्च अदालत | उपसचिव, न्याय परिषद् सचिवालय। |
| ७. श्री त्रिलोचन उप्रेती | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | इजलास सहायक, पुनरावेदन अदालत, विराटनगर। |
| ८. श्री हरिप्रसाद वगाले | ,, ,, | इजलास सहायक, पुनरावेदन अदालत, नेपालगञ्ज। |
| ९. श्री राजेन्द्रप्रकाश शर्मा | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | इजलास सहायक, पुनरावेदन अदालत, पाटन, ललितपुर। |
| १०. श्री तिलप्रसाद श्रेष्ठ | उप सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकील कार्यालय, विराटनगर | कानून अधिकृत, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय। |
| ११. श्री नरेन्द्रमान श्रेष्ठ | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | उपसचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय। |
| १२. श्री बाबुराम रेग्मी | ,, ,, | ,, ,, |
| १३. श्री युवराज सुवेदी | कानून अधिकृत, भन्सार विभाग | उप सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकील कार्यालय,। विराटनगर |
| १४. श्री मधुप्रसाद रेग्मी | इजलास सहायक, पुनरावेदन अदालत, हेटौडा | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय। |
| १५. श्री रंजनकृष्ण अर्याल | कानून अधिकृत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | उपसचिव, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

258